# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर : ९६३६

मितिः २०८२/१२/०१
ने.सं. ११४६ चिल्लागा ९

विषयः प्रस्ताव छनौट भएको र सम्झौता गर्ने सम्बन्धमा ।

श्री शान्ति माध्यमिक विद्यालय, मालारानी-५, बाँगी, अर्घाखाँची ।

श्री सूर्य माध्यमिक विद्यालय, मालारानी-९, गोखुङ्गा, अर्घाखाँची ।

उपर्युक्त विषय सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/१०/२० गते आ.व .०८२/८३ को बजेटमा भएको विद्यालयमा भर्चुअल शिक्षण ,इलर्निङ्ग ,पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन कार्यक्रम कार्यान्वयनको लागि विद्यालयलाई प्रस्ताव पेश गर्न आह्वान् गरिएको सूचना अनुसार पेश भएका प्रस्तावहरूमध्ये यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२/११/२६ को निर्णय अनुसार तहाँ विद्यालयले पेश गरेका उक्त कार्यक्रमका प्रस्तावहरू छनौट भएकोले देहायका कागजातहरू सहिति मिति २०८२/१२/०७ गतेसम्ममा यस कार्यालयमा कार्यक्रमको सम्झौता गर्नुहुन अनुरोध छ ।

देहायः

सम्झौता गर्दा पेश गर्नुपर्ने कागजातहरूः

१. विव्यस अध्यक्ष र प्रअको संयुक्त हस्ताक्षरसहितको पत्र (सम्झौता गरी पाऊँ भन्ने पत्र),
२. सम्बन्धित पदाधिकारीलाई सम्झौता गर्न अधिकार प्रदान गरिएको व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,
३. सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा ८ मा व्यवस्था भएको खरिद विधिमध्ये जुन विधिबाट सामग्री खरिद गर्ने हो सो विधि छनौट गरेको निर्णयको प्रतिलिपि,
४. खरिद समिति, मूल्यांकन समिति गठन गरेको निर्णयको प्रतिलिपि,
५. सम्बन्धित वडाको कार्यक्रम सम्झौताको लागि सिफारिस पत्र,
६. कार्यक्रमको स्वीकृत लागत अनुमान,
७. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समय सीमा सहितको स्पष्ट विस्तृत कार्ययोजना,
८. खरिद गर्ने सामग्रीहरूको विवरण सहितिको समितिको निर्णय,
९. सामग्री खरिदसँग सम्बन्धित योजना अन्तर्गत यस पूर्व रहेको जिन्सी दाखिला प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

२०८२।१२।१

गोविन्द भटराई
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत